# दोर्दी गाउँपालिका, लमजुङ

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

२०७८ कार्तिक

सेवा तथा सहयोग प्रदायक संस्थाः
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
पोखरा

प्रस्तोताहरूः
कृष्णप्रसाद अधिकारी
प्रेमबहादुर खड्का

## विषयसूची


१. पृष्ठभूमी ..... १
२. अध्ययनको महत्व ..... २
३. लैङ्गिक बजेट परीक्षणका उद्धेश्यहरू ..... ३
४. लैससास परीक्षणले समेटेका क्षेत्रहरू ..... ३
५. लैससासको विधि र तरिका ..... ४
क) दस्तावेजहरूको अध्ययन (Documents review): ..... ४
ख) लक्षित वर्गसँग छलफल (Focus Group Discussion) ..... ५
ग) मुख्य सूचकहरूसँगको अन्तरवार्ता (Key Informants Interview) ..... ५
घ) परीक्षण कार्यशाला (Audit Workshop) ..... ५
***लैससास परीक्षण कार्यदल*** ..... ५
***लैससास परीक्षणको कार्यतालिका*** ..... ६
६. लैङ्गिक परीक्षणका सहभागीहरू ..... ७
लैससास परीक्षणका मूख्य तथा सहायक विषय क्षेत्रहरू ..... ७
७. लैङ्गिक परीक्षणबाट आएका मूख्य प्राप्तिहरू ..... ८
अ. नीति, कानुन र योजना ..... ८
आ. संस्थागत व्यवस्था ..... ९
इ. मानव संसाधन तथा क्षमता विकास ..... १०
ई. सेवा प्रवाह ..... १०
उ. सुशासन तथा उत्तरदायित्व ..... ११
८. लैससास बजेट परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था ..... १२
८.१. परीक्षणपश्चात् सूचकहरूले प्राप्त गरेका अङ्क ..... १३
८.२. लैङ्गिक परीक्षण नतिजाको माकुरीजालो ..... १४
९. दोर्दी गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा सबल तथा सुधार गर्नुपर्ने पक्षहरू ..... १७
१०. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना ..... २५
११. अनुगमन तथा मूल्याङ्कन ..... ३१
१२. निश्कर्ष ..... ३१
१३. सुझावहरू ..... ३१
*अनुसूचि २: उपस्थिति* ..... ६५
अनुसूचि ३: केही तस्विरहरू ..... ६७

## १. पृष्ठभूमी

नेपालको संविधानले सबै नागरिक कानूनका दृष्टिमा समान हुनेछन्, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने प्रतिबद्धता सहित नागरिकहरूलाई समानताको हकको प्रत्याभूति गरेको छ । नेपाल विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र भएकाले लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरणलाई कानूनी रूपले स्वीकार गरी अन्तराष्ट्रिय प्रतिवद्धता समेत व्यक्त गरेको छ । यसका साथसाथै विभिन्न संसदीय प्रतिवद्धता, नेपाल सरकारका आवधिक योजनाहरूले लैससासलाई प्राथमिकताका साथ आत्मसात गरेक छन् । मुलुकी फौजदारी संहितालयायतका ऐनहरूले विभेद र असमानतालाई दण्डनीय बनाई सजायको व्यवस्था समेत गरेका छन् ।

लैससास सम्बन्धि नीतिलाई स्थानीय तहमा कार्यान्वयन गर्न महिला तथा वञ्चितिमा परेका वर्गहरूलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्न विगत केही वर्षयता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका मन्त्रालयहरूले अधिकतम प्रयासहरू गरिरहेका छन् । यसका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी ढंगबाट संचालन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गरी संघ, प्रदेश र स्थानीय तहमा कार्यान्वयन हुँदै आइरहेको छ ।

लैससासको प्रभावकारी कार्यान्वयन खास गरी २०६३/०६४ को बजेट वक्तव्यमा 'लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्ने व्यवस्थालाई संस्थागत गरिनेछ' भन्ने नीतिलाई कार्यान्वयन गर्न तथा स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ मा भएका व्यवस्थालाई विकास एवं प्रवर्द्धन गर्न स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजृट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ कार्यान्वयनमा आएको थियो ।

लैससासलाई विशेष प्राथमिकता दिँदै स्थानीय सरकार संचालन ऐन २०७४ मा लैससास सम्बन्धि व्यवस्था बारे प्रस्तावनामा नै उल्लेख गरएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) (त) मा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन गर्ने जिम्मवारी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र जिम्मेवारीमा उल्लेख गरिएको छ भने दफा २४ (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद व्यवस्थापन, लैङ्गिकतथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्नेछ भन्ने व्यवस्था गरिएकोछ । यसैगरी सोही ऐनको दफा २४ (३) मा गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्नेछ भनी उल्लेख गरिएको छ । गण्डकी प्रदेश सरकारले पनि नेपाल सरकारका नीति, कायेक्रम तथा बजेट वक्तव्यहरू र विभिन्न कानुनी दस्तावेजहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई प्रभावकारी रुपमा संवोधन गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना गरी यसैमार्फत स्थानीय तहमा लैससास परीक्षण गर्ने कार्य पनि प्राथमिकताका साथ कार्यान्वयन गर्दै आइरहेको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ ले स्थानीय तहअन्तरगत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सम्बन्धमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिलाई स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने कार्यमा सहयोग पुर्‍याउने छ । यही नीतिलाई मध्यनजर गर्दै यस चालु आर्थिक वर्ष

२०७७/०७८ मा गण्डकी प्रदेश अन्तरगत दोर्दी गाउँपालिकामा मिति २०७८ कार्तिक १५ गतेदेखि १७ गतेसम्म गाउँपालिकाका निर्वाचित प्रतिनिधि र कर्मचारीहरूको उपस्थिति र व्यापक छलफल र उपलब्ध दस्तावेजहरूको अध्ययन पश्चात् परामर्शदाताहरू श्री कृष्णप्रसाद अधिकारी र श्री प्रेमबहादुर खड्काको सहजीकरणमा परीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार पारिएको छ। परीक्षणका क्रममा भएका छलफलमा गाउँपालिकाको योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं लैङ्गिक मूलप्रवाहीकरणका प्रकृयामा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन् ।

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था उल्लेख भएको छ । संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धि अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिलासम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला बिरुद्ध हुने सबै हिंसाजन्य कार्यहरूलाई कानुनबमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।

संविधानको धारा १८ को समानताको हकमा सबै नागरिक कानुनका दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने तथा सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैबाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाष वा क्षेत्र, बैचारिक आस्था वा अन्य यस्तै कुनै आधारमा विभेद नगरिने कुरा उल्लेख छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले लैङ्गिक समानता तथा सामाजिक मावेशीकरण सम्बन्धमा निम्नानुसारका प्रावधानहरूको व्यवस्था गरेको छ ।

(क) गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धि व्यवस्था ।
(ख) वडा समितिको काम,कर्तव्य र अधिकार अन्तरगत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्ने, विभिन्न समुदायबीच सामाजिक सद्भाव तथा सौहार्दता कायम गर्ने, बालबिबाह, बहुबिबाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो प्रथा, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था ।
(ग) स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएका वर्गको सहभागितामा जोड, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिंदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था ।

## २. अध्ययनको महत्व

लैससास अध्ययनको देहायअनुसारको महत्व रहेको छः

क) संविधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीताका आधारमा राज्य संरचनाका सबै अंगहरूमा महिला, दलित, आदिवासी जनजाती, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउन संवैधानिक व्यवस्था

गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधताबीचको असमानता, सामाजिक बञ्चितीकरणका कारण सामाजिक समुहहरूको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न उपायहरू पहिचान गर्ने ।

ख) स्थानीय सरकार सांलन ऐन २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैससासको विद्यमान अवस्थाको जानकारीका साथै तहगत तथा मुलुकको समग्र समस्या र चुनौतिहरूको पहिचान गर्न एवं यस क्षेत्रका योजना तथा कार्यक्रमहरूको दक्षता र प्रभावकारिताको लेखाजोखा तथा मुल्यांकन गरी नीतिगत पृष्ठपोषण लिन ।

## ३. लैङ्गिक बजेट परीक्षणका उद्धेश्यहरू

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूलाई समाबेशी गरी लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तीकरण गर्दै लैजाने ।

ख) महिला र सीमान्तकृत समुहहरूलाई समावेश गरी उनीहरूको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने ।

ग) स्थानीय सरकारका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

घ) लैससास परीक्षणको नतिजाका आधारमा समस्या तथा चुनौतिहरूको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

लैङ्गिक परीक्षण गर्दा मुख्यतया दुई पाटाहरू केलाएर गरिएको थियो- १) बजेट तर्जुमा प्रकृयाका सबै चरणहरूमा अन्य पक्षहरूसँगै लैङ्गिकता, समानता र समावेशीका विषयवस्तुहरूलाई केन्द्रबिन्दुमा राखी योजनाबद्ध रुपमा उद्देश्यमूलक ढङ्गले विश्लेषण सहित लैङ्गिक मूलप्रवाहीकरण र समावेशीका कार्यक्रम तर्जुमा गरे नगरेको अध्ययन गरियो । र, २) वार्षिक तथा आवधिक योजना बनाउने क्रममा लैङ्गिक उत्तरदायी बनाई तर्जुमा गरे नगरेको विश्लेषण गरियो ।

## ४. लैससास परीक्षणले समेटेका क्षेत्रहरू

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) ले समेटेका निम्नानुसारका पाँचवटा क्षेत्र तथा २२ वटा उपक्षेत्रहरूमा केन्द्रित रही दोर्दी गाउँपालिकाको लैससास परीक्षण गरिएको थियो ।

(१) नीति, कानुन र योजना
- (क) नीति र कानुनमा समावेशीता/सहभागिता
- (ख) योजना तर्जुमा तथा कार्यान्वयन
- (ग) बजेट तर्जुमा तथा कार्यान्वयन

(२) संस्थागत व्यवस्था
- (क) कर्मचारी पदाधिकारी प्रतिनिधित्व

(ख) कार्यप्रणाली समावेशी
(ग) समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व
(घ) वित्तव्यवस्थापन प्रणालीमा समावेशीता
(ङ) तथ्याङ्क संकलन तथा व्यवस्थापन
(३) मानव संशाधन तथा क्षमता विकास
(क) मानव संसाधन तथा क्षमता विकास
(ख) अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना
(ग) कानूनी साक्षरता
(घ) विपद् व्यवस्थापमा समावेशीता
(४) सेवा प्रवाह
(क) पूर्वाधार विकास
(ख) प्रजनन् स्वास्थ्य
(ग) शिक्षा कार्यक्रम
(घ) खानेपानी तथा सरसफाइ (४)
(ङ) स्वारोजगार तथा आर्जन र बजार व्यवस्थापन
(५) सुशासन र उत्तरदायित्व
(क) सुशासन
(ख) उत्तरदायित्व र जवाफदेहिता
(ग) सूचना तथा संचार
(घ) अनुगमन तथा मूल्यांकन
(ङ) समवन्वय र सम्बन्ध बिस्तार

## ५. लैससासको विधि र तरिका

स्थानीय तह लैससास परीक्षण कार्यविधि, २०७७ (नमूना) ले निर्दिष्ट गरेका विधिहरूलाई प्रमुख विधिका रुपमा लिइएको थियो भने स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ लाई सन्दर्भ सामग्रीका रुपमा प्रयोग गरिएको थियो । यी औजारमा उल्लेख भएका पाँच विषयहरू र त्यसका २२ वटा उपशिर्षकहरूका १०० वटा सुचकलाई वर्तमान अवस्थाको मापन गर्ने औजारका रुपमा प्रयोग गरिएको थियो ।

मापन गर्दाका समयमा प्रत्येक सूचकमा उल्लिखित कुरा सन्तोषजनक/राम्रो देखिएमा १, अझै कुनै कुरामा सुधार गर्नुपर्ने वा मध्यम खालको देखिएमा ०.५ र हुँदै नभएको देखिएमा ० अंकहरू प्रदान गरिएको थियो । पाँचवटा मूल शिर्षक अन्तरगत २२ वटा उपशीर्षकहरूमा रहेका सूचकहरूमा प्राप्त अंकहरूलाई जोडी वार चार्ट र माकुरीजालो दुबैमा राखी सहभागीहरूसमक्ष प्रस्तुत गरी छलफल गरिएको थियो । उक्त तथ्याङ्कीय जालो र बारचार्टले स्पष्ट चित्र देखाएपछि सहभागीहरूमाझ, अब हामीले आगामी दिनहरूमा निरन्तरता दिनुपर्ने, सुधार गर्नुपर्ने र व्यापक रुपमा सुधार गर्नुपर्ने कुरालाई विशेष जोड दिँदै सहभागीहरूलाई बोध गराइएको थियो । लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण गर्न सहभागितामूलक प्रकृया अवलम्बन गरिएको थियो । विशेषगरी यो परिक्षण कार्यमा निम्न लिखित विधिहरूको प्रयोग गरिएको थियो ।

***क) दस्तावेजहरूको अध्ययन (Documents review):***

- गाउँपालिकाले तयार गरी कार्यान्वयनमा ल्याएका नीति, ऐन, निर्देशिकाहरू (राजपत्रबाट)

- वार्षिक विकास योजना तथा बजेट
- बार्षिक प्रगति समीक्षा प्रतिवेदन
- स्थानीय तहको स्रोत अनुमान र बजेट सीमा निर्धारण गर्दा उक्त समितिद्वरा महिलाको जीविकोपार्जन तथा आवाज सशक्तिकरण र विभेदजन्य नीतिहरू तथा सामाजिक अभ्यासहरूमा परिवर्तनका लागि पर्याप्त कूल बजेट तथा विषयगत क्षेत्रको बजेट सीमा निर्धारण गरे, नगरेको ।
- बस्ती तथा टोलस्तरका योजना र कार्यक्रमहरू छनौट गर्दा बस्ती तथा वडाको खण्डीकृत तथ्याङ्क, भौगोलिक अवस्थितिको नक्साङ्कन, विभिन्न महिला, बालबालिका, युवा, जातजाति, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यकको सहभागिताको सुनिश्चितता, भेलालाई अभिमुखीकरण गर्ने, आवश्यकताको पहिचान गर्ने गरे, नगरेको ।
- न्यायिक समितिका निर्णय र प्रकृयामा महिला, जनजाती, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यकका आवश्यकताहरूको पहिचान गरी न्यायसम्पादन गरे, नगरेको ।
- अनुगमन तथा मूल्यांकन कार्यदलको प्रतिबेदन, आदि ।

### *ख) लक्षित वर्गसँग छलफल* ***(Focus Group Discussion)***

- वडाका महिला सदस्य, दलित महिला सदस्य
- वडा अध्यक्षमध्येका केहीसँग छलफल

### *ग) मुख्य सूचकहरूसँगको अन्तरवार्ता* ***(Key Informants Interview)***

- गाउँपालिकाका शाखागत प्रमुखहरूसँग अन्तरवार्ता

### *घ) परीक्षण कार्यशाला* ***(Audit Workshop)***

निर्वाचित पदाधिकारीहरू र विषयगत शाखाका प्रमुखसहितका कर्मचारीहरूसँग तीन दिने कार्यशालाको आयोजना (मिति २०७८ कार्तिक १५ गतेदेखि १७ गतेसम्म) गरिएको थियो । कार्यशालाको पहिलो दिन कार्यशालाको विधिवत शुभारम्भपश्चात् परीक्षणको अवधारणा, उद्देश्य, यसको औचित्य र परीक्षण विधिबारे सहभागीहरूलाई जानकारी गराइएको थियो । तत्पश्चात् लैससासमा समेटिने १०० वटा सुचकहरू र ०, ०.५ वा १ अंक प्राप्त गर्ने अवस्थाहरूका बारेमा स्पष्ट पारिएको थियो । यसका साथै ती सूचकहरूमा प्राप्त अंकहरूलाई रुजु गर्ने साधन (Means of Verification) केके हुन सक्छन् भनी जानकारी गराइएको थियो । त्यसपछि सहभागीहरूलाई पाँच समूहमा विभाजन गरिएको थियो । समूह विभाजन गर्दा निर्वाचित प्रतिनिधिले नेतृत्व गर्ने गरी सम्बन्धित विषयवस्तुसँग सम्बन्धित कर्मचारीहरूलाई ती समूहमा सदस्यका रुपमा राखिएको थियो । तत्पश्चात् सहजकर्ता/परामर्शदाताहरूको सहयोगमा ती समूहहरूमा पाँचवटा विषयवस्तुमा रहेका सूचकहरू अलग अलग समूहमा वितरण गरी समूह कार्य गर्न लगाइएको थियो । ती समूहहरूले ल्याएका सूचकहरूलाई समूहगत रुपमा प्रस्तुतीकरण गर्दै किन ० किन ०.५ र किन १ अंक आए भनी एक एक गरी छलफल गरियो । छलफलसँगै यी यी कारणले सूचकहरूमा ० वा ०.५ आयो र के गर्दा आगामी दिनमा १ अंक आउने बनाउन सकिन्छ भनी खुला छलफल गरिएको थियो । तत्पश्चात् ती सुधारगर्नुपर्ने कुराहरू के कसरी र कसको जिम्मेवारीमा गर्ने भनी कार्ययोजना बनाइएको थियो । कार्यशाला सुरु हुनुपूर्व गाउँपालिकाका अध्यक्ष श्री ओमबहादुर गुरुङको अध्यक्षतामा एक बैठक बसी उल्लिखित मिति र कार्यपालिकाको सभाहलमा कार्यशाला सम्पन्न गर्ने निर्णय भएको थियो । लैससास परीक्षण सम्पन्न गर्नका लागि एक छ सदस्यीय कार्यदलसमेत गठन गरिएको थियो ।

*लैससास परीक्षण कार्यदल*

| क.सं. | नाम थर | पद | पद/कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | दिलबहादुर घले | उपाध्यक्ष | संयोजक | ९८५६०४६३६१ |
| २ | इन्द्रजित गुरुङ | वडाअध्यक्ष | सदस्य | ९८५६०४६४०२ |
| ३ | दरजङ्ग गुरुङ | वडाअध्यक्ष | सदस्य | ९८५६०४६७६० |
| ४ | प्रेमबहादुर गुरुङ | वडाअध्यक्ष | सदस्य | ९८०६६२५१५१ |
| ५ | खेमबहादुर गुरुङ | वडाअध्यक्ष | सदस्य | ९८६४३८९१०४ |

## *लैससास परीक्षणको कार्यतालिका*

| दिन | समय | क्रियाकलाप |
|---|---|---|
| १५ गते | ९:३०-१०:०० | सहभागीहरूको नाम दर्ता र उपस्थिति |
| | १०:००-१०:३० | शुभारम्भ, परिचय, अपेक्षा संङ्कलन, तालिम व्यवस्थापन, समूह विभाजन आदि |
| | १०:३०-१२:०० | लैससास परीक्षणबारे अवधारण र मुख्य उद्देश्य, लैससास परीक्षणका गर्नुको औचित्य |
| | १२:००-१३:३० | लैससास परीक्षण विधि, प्रक्रिया र सूचक माथि छलफल |
| | १३:३०-१४:०० | खाजा विश्राम |
| | १४:००-१५:३० | लैससास परीक्षणका क्षेत्रगत सूचक सम्बन्धी प्रस्तुतिकरण र छलफल |
| | १५:३०-१७:०० | सूचना संकलन र सूचना र तथ्यांकको विश्लेषण<br>लैससास परीक्षणका सबल र सुधार गर्नुपर्ने पक्षहरूबारे जानकारी |
| | १७:००-१७:१५ | संक्षेपीकरण र पृष्ठपोषण संकलन |
| १६ गते | १०:००-१०:३० | अघिल्लो दिनको पुनरावलोकन |
| | १०:३०-१२:०० | लैससास लेखाजोखाका लागि सूचक, उपसूचक र सूचीको निर्धारण |
| | १२:००-१३:३० | लैससास परीक्षणका क्षेत्रगत सूचक सम्बन्धी प्रस्तुतिकरण, समूगत अध्यास, प्रस्तुतिकरण र छलफल |
| | १३:३०-१४:०० | खाजा विश्राम |
| | १४:००-१५:३० | स्थानीय तहको नीति, कानुन र योजनाहरूमा लैससासको अवस्था विश्लेषण<br>स्थानीय तहको संस्थागत व्यवस्थापनमा लैससासको अवस्था विश्लेषण |
| | १५:३०-१७:०० | थानीय तहको लैससास संवेदनशिल कार्य प्रणालीको विश्लेषण<br>स्थानीय तहको मानव संसाधन तथा क्षमता विकासमा लैससासको अवस्था विश्लेषण |
| | १७:००-१७:१५ | संक्षेपीकरण र पृष्ठपोषण संकलन |
| १७ गते | १०:००-१०:३० | अघिल्लो दिनको पुनरावलोकन |
| | १०:३०-१२:०० | स्थानीय तहको क्षमता विकास योजनामा लैससास उत्तरदायी बजेट व्यवस्थापनको विश्लेषण<br>कार्यक्रम तर्जुमा गर्दा लससास समुहको सहभागिता विश्लेषण |
| | १२:००-१३:३० | विकास योजना तर्जुमा, कार्यान्वियन, अनुगनम र मूल्यांकन लैससास मूलप्रवाहीकरण विश्लेषण<br>आन्तरिक संरचनामा लैससासको अवस्था विश्लेषण |

| | | |
|---|---|---|
| | | सुशासनको अवस्था विश्लेषण |
| | १३:३०-१४:०० | खाजा विश्राम |
| | १४:००-१५:३० | स्थानीय तहमा मानव संसाधन, सम्बन्ध विस्तारमा लैससास मूलप्रवाहीकरणको अवस्था<br>नेपाल सरकारका लैससास मूलप्रवाहीकरण सम्बन्धी नीति र प्रतिवद्धताहरूको कार्यान्वयनको अवस्था विश्लेषण |
| | १५:३०-१७:०० | विश्लेषणबाट आएका नतिजा बारे जानकारी र लैससास मूलप्रवाहीकरणको लागि कार्ययोजना निर्माण |
| | १७:००-१७:१५ | संक्षेपीकरण तथा समापन |

## ६. लैङ्गिक परीक्षणका सहभागीहरू

दोर्दी गाउँपालिकाको लैससास परीक्षण प्रकृया कार्यशाला, लक्षित समूह छलफल र मुख्य सूचकहरूसँगको अन्तर्वार्तामा निम्नानुसार जम्मा ३० जना सहभागीहरूको उपस्थिति रहेको थियो ।

**सहभागीहरू**

१. गाउँपालिका अध्यक्ष र उपाध्यक्ष
२. विभिन्न वडाका वडा अध्यक्षहरू
३. कार्यपालिकाका महिला सहितका वडा सदस्यहरू
४. विषयगत शाखाका प्रमुखहरू
५. पालिकाका महिलासहितका अन्य कर्मचारीहरू

महिलाः ९ पुरुषः २१
दलितः २ जनजातीः १७ मधेसीः ० मुस्लिमः ० बाहुन/क्षेत्रीः ११ अन्यः ०

*लैससास परीक्षणका मूख्य तथा सहायक विषय क्षेत्रहरू*

| क .स. | क्षेत्रहरू/सहायक क्षेत्रहरू | मूख्य क्षेत्रको अंकभार | सहायक क्षेत्रको अंकभार |
|---|---|---|---|
| क | **नीति, कानून योजना** | २० | |
| १ | नीति, कानूनमा समावेशीकरण योजना | | ८ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | | ८ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | | ४ |
| ख | **संस्थागत व्यवस्था** | २० | |
| १ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | | ४ |
| २ | कार्यप्रणाली समावेशी | | ४ |
| ३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | | ४ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | | ४ |
| ५ | तथ्यांक संकलन तथा व्यवस्थापन | | ४ |
| ग | **मानव संसाधन तथा क्षमता विकास** | २० | |
| १ | मानव संसाधन तथा क्षमता विकास | | ८ |
| २ | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | | ४ |
| ३ | कानूनी साक्षरता | | ४ |
| ४ | विपद् व्यवस्थापमा समावेशीता | | ४ |
| घ | **सेवा प्रवाह** | २० | |
| १ | पूर्वाधार विकास | | ४ |

| | | | |
|---|---|---|---|
| २ | प्रजनन् स्वास्थ्य | | ४ |
| ३ | शिक्षा कार्यक्रम | | ४ |
| ४ | खानेपानी तथा सरसफाइ | | ४ |
| ५ | स्वारोजगार तथा आर्जन र बजार व्यवस्थापन | | ४ |
| ङ | **सुशासन र उत्तरदायित्व** | २० | |
| १ | सुशासन | | ४ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | | ४ |
| ३ | सूचना तथा संचार | | ४ |
| ४ | अनुगमन तथा मूल्यांकन | | ४ |
| ५ | समवन्वय र सम्बन्ध बिस्तार | | ४ |
| **कुल जम्मा** | | १०० | १०० |

## ७. लैङ्गिक परीक्षणबाट आएका मूख्य प्राप्तिहरू

लैङ्गिक परीक्षणको समग्र प्रक्रियाबाट निम्नानुसारका मूख्य प्राप्तिहरू भएका छन्-

### *अ. नीति, कानुन र योजना*

(क) गाउँपालिकाका नीति तथा विधान समिति महिलाको नेतृत्वमा गठन भएको भएता पनि नीति, कानुन तथा निर्देशिकाहरुको निर्माण गर्दा लैससासका दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने नगरिएको र सहभागितामूलक पनि हुने नगरेको ।

(ख) विभिन्न जातजातीका परम्परागत पेशाहरुको संरक्षण र सीप विकास गर्ने नीति भएको भएता पनि कार्यान्वयनको पाटो फितलो रहेको ।

(ग) गाउँपालिकाको आफ्नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, रणनीति वा निर्देशिकाहरु नरहेको हुँदा सोही अनुरुप योजनाहरुमा तयार पार्दा लैससासका क्षेत्रमा आशातित कार्य हुन नसकेको ।

(घ) न्यायिक समितिले आफ्नो अधिकार क्षेत्रमा पर्ने विवेधजन्य कुराहरुको सुनुवाइ गर्ने गरिएको भएता पनि छुट्टै लैङ्गिक डेस्कको स्थापना गरी लैससास तथा लैङ्गिक तथा यौन हिंसाको सम्बोधन हुन नसकेको ।

(ङ) गाउँपालिका तथा सरकारी निकायमा महिला र पुरुषबिच ज्यालामा असमानता नभएता पनि अनौपचारिक क्षेत्रको ज्यालामा असमानता रहेको ।

(च) गाउँपालिकाको आवधिक योजना भएता पनि लैससासका दृष्टिकोणबाट वार्षिक योजना तयार पार्न मिल्ने गरी खण्डिकृत तथ्याङ्कहरुको व्यवस्था नभएका कारण महिला, दलित, पिछडिएका वर्ग, सीमान्तकृत समुदायको आर्थिक तथा सामाजिक विकासका लागि यथोचित बजेटको व्यवस्था गर्न नसकेको ।

(छ) गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दाका बखतमै महिला, बालबालिका तथा बञ्चितिमा परेका समुदायका लागि निश्चित प्रतिशत बजेट निर्धारण गर्ने नगरेको भएता पनि बार्षिक बजेट तथा योजना निर्माण गर्दा बजेट छुट्ट्याउने गरेको ।

(ज) योजना तर्जुमा गर्दा टोल तथा बसीतस्तरमै गई महिला, बालबालिका, पिछडिएका समुदाय, यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदायको आवश्यकता पहिचान गरी उनीहरूका आवश्यकताका आधारमा योजना निर्माण नगरी एकमुष्ट दामासाहीमा बजेट निर्धारण गर्ने गरिएको ।

(झ) दीगो विकास लक्ष्य, विशेष गरी लक्ष्य ५ को स्थानीयकरण गरी सोही अनुसार बजेट व्यवस्थापन नभएको, तर लैङ्गिक समानता, विभेदको अन्त्य, बालबिबाह उल्मुलन, मानव बेचबिखन आदि विषयमा योजना तर्जुमा गरी बजेट बिनियोजन हुने गरेको ।

(ञ) हालसम्म लैससास परीक्षण नभएको हुँदा यस्ता परीक्षणबाट औंल्याइएका विषयमा योजना बनाई बजेट विनियोजन हुने नगरेको ।

*परीक्षण कार्यसमूह १*

| क.सं. | नाम थर | पद | पद/कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | दिलबहादुर घले | संयोजक | उपाध्यक्ष | |
| २ | हिमला घिमिरे | सदस्य | कार्यपालिका सदस्य | |
| ३ | पोष्टनारायण ढकाल | सदस्य | योजना अधिकृत | |
| ४ | फत्तबहादुर गुरुङ | सदस्य | वडा अध्यक्ष | |
| ५ | राधा रानाभाट | सदस्य | योजना सहायक | |
| ६ | नरहरि घिमिरे | सदस्य | कृषि प्राविधिक | |

## *आ. संस्थागत व्यवस्था*

(क) नीतिगत जटिलता, कर्मचारी समायोजन नीतिको अस्पष्टता, आदिका कारणले गाउँपालिकाको निर्णायक तहमा महिलाहरूको ३० प्रतिशतको हाराहारीमा मात्र सहभागिता हुने गरेको ।

(ख) गाउँपालिसँग पदपूर्ति सम्बन्धि समावेशी नियमावली नभएका कारण सबै जातजाती, वर्ग क्षेत्र र लैङ्गिक रुपमा समावेशी हुन नसकेको ।

(ग) गाउँपालिकाले विशेष समुदायका लागि विशेष सेवा प्रदान गर्नका लागि सम्बन्धित समुदायकै व्यक्तिको व्यवस्था गर्न नसकेको ।

(घ) लैङ्गिक समानता ल्याउनका लागि सकारात्मक विभदको नीति नलिएको ।

(ङ) महिला र पुरुषबीचको असमानता हटाउनका लागि गाउँपालिकासँग निश्चित मापदण्डसहितको कार्यनीति नभएको ।

(च) गाउँपालिकामा लैससास फोकल पर्सन नतोकिएको । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक एकाइलाई नै सो क्षेत्र हेर्ने अलिखित सहमति भएको । पालिका तथा कार्यक्षेत्रमा हुने लैङ्गिक हिंसा, यौनजन्य हिंसा रोकथाम तथा नियन्त्रणका लागि आचारसंहिता बनाएर लागु नगरिएको ।

(छ) लैससास कार्यान्वयन समिति नरहेको, योजना तर्जुमा समितिलाई लैससास कार्यान्वयन सम्बन्धमा कुनै किसिमको सुझाव आउने नगरेको, योजना तर्जुमा गर्दा लक्षित समुदायको सहभागिता सुनिश्चित नगरिएको, योजना तर्जुमा गर्दा वडा तथा बस्तिस्तरमा लक्षित वर्गसँग व्यापक छलफल नभएको ।

(ज) गाउँपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलले महिला तथा बञ्चितिमा परेका समुदायको हित हुने गरी दिइएको नीतिगत र कार्यगत सुझावहरूको कार्यान्वयनको पाटो फितलो रहेको ।

(झ) गाउँपालिकाले गाउँपालिकाको समग्र स्थिति झल्किने खण्डिकृत तथ्याङ्कसहितको पार्श्वचित्र तयार नगरेकोले वाह्य स्रोत परिचालन गर्न र गाउँपालिकाको स्पष्ट चित्र बुझ्न कठिन ।

*परीक्षण कार्यसमूह २*

| क.सं. | नाम थर | पद | पद/कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | इन्द्रजित गुरुङ | संयोजक | वडा अध्यक्ष | |
| २ | सुकबहादुर गुरुङ | सदस्य | वडा अध्यक्ष | |
| ३ | जुना चेपाङ | सदस्य | कापास | |
| ४ | रन्जित श्रेष्ठ | सदस्य | सुचना प्रविधि अधिकृत | |
| ५ | बालकृष्ण शर्मा | सदस्य | शिक्षा सहायक | |

## इ. मानव संसाधन तथा क्षमता विकास

(क) लैङ्गिक तथा समावेशी विकासका लागि पालिकाले क्षमता विकास कार्ययोजना नबनाई क्षमता विकासमा बजेट बिनियोजन गर्ने गरेको हुँदा समावेशी हुन नसकेको ।

(ख) लैङ्गिकता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं लैङ्गिक हिंसा सम्बन्धमा गाउँपालिकाका निर्वाचित पदाधिकारी एवं कर्मचारीहरू अभिमूख नभएको ।

(ग) गाउँपालिकासँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयमा विषयगत दक्षता भएका मानवीय स्रोत नभएको ।

(घ) पालिकासँग लैङ्गिकता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, लैङ्गिक हिंसा आदि सम्बन्धि तालिम दिन सक्ने मानवीय स्रोतको अभाव रहेको ।

(ङ) पालिकाको छुट्टै मानव संसाधन केन्द्र/शाखा/इकाइ नभएको ।

(च) महिला तथा बञ्चितिकरणमा परेका समुदाय वा व्यक्ति, अपाङ्गता भएका व्यक्ति, सहिद वा बेपत्ता परिवारका सहस्यहरूलाई लक्षित गरी कुनै सेवा प्रवेश तालिम आदिको व्यवस्था नभएको ।

(छ) बेइजिङ्ग घोषणापत्र, दीगो विकास लक्ष्य, CEDAW लगायत नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा प्रतिवद्धता देखाएका विषयहरूमा निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखीकरण नगरिएको ।

(ज) गाउँपालिकाले पालिकालाई लैङ्गिक हिंसामुक्त पालिका घोषणा गर्ने पर्याप्त आधार तयार नभएको हुँदा चेतनामूलक कार्यक्रमहरू संचालन र्गुपर्ने, कुसंस्कार, छुवाछुत, बालबिबाह आदि विद्यमान कुसंस्कारका बिरुद्ध ब्यापक कार्यक्रम संचालन गर्नुपर्ने, लैङ्गिक हिंसा निवारणका क्षेत्रमा व्यापक कार्यक्रम संचालन गर्नुपर्ने ।

(झ) पालिकाद्वारा निर्वाचित महिला, समावेशी सदस्य, अन्य जनप्रतिनिधि र पालिकामा कार्यरत कर्मचीहरूका लागि नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, मुलुकी संहिता लगायतका लैङ्गिक समानता कायम गर्ने खालका नीति नियम, हिंसालाई दण्डनीय बनाई नियन्त्रण र नियमन गरेका नियम, कानुन तथा निर्देशिका, रणनीति आदिका विषयमा अभिमूखीकरण गर्ने नगरिएको ।

(ञ) कार्यपालिकाका सदस्य तथा पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखाका काम गर्ने कर्मचारीहरुमा कानुनी मस्यौदा तर्जुमा सम्बन्धि प्राविधिक ज्ञान नभएको ।

(ट) महिलाका लागि कानुनी शिक्षा सम्बन्धी तालिमहरू संचालन नभएकोले उपलब्धिहरूको लेखाजोखा गर्न पनि नसकिएको ।

(ठ) पालिकाले विपद व्यवस्थापन सम्बन्धी कार्यविधि स्वीकृत गरेको भएता पनि बञ्चितीकरणमा परेका समुदायसँग पर्याप्त मात्रामा परामर्श नगरेको, महिला र पुरुषलाई अलग अलग संरक्षणको प्रावधान नगरेको ।

*परीक्षण कार्यसमूह ३*

| क.सं. | नाम थर | पद | पद/कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | दरजङ्ग गुरुङ | संयोजक | वडा अध्यक्ष | |
| २ | तुलबहादुर घले | सदस्य | वडा अध्यक्ष | |
| ३ | रमा खड्का कुँवर | सदस्य | कापा सदस्य | |
| ४ | आइतमान गुरुङ | सदस्य | स्वास्थ्य शाखा प्रमुख | |
| ५ | विनोद कट्टेल | सदस्य | नाप्रास | |

## ई. सेवा प्रवाह

(क) गर्भावस्थामा हुने खतरा, नियमित गर्भजाँच, संस्थागत सुत्केरी उत्तरप्रसुती सेवा तथा स्याहार, प्रसव फिस्टुला, परिवार नियोजन आदिका सम्बन्धमा चेतनामूलक गतिविधिको कमि, परिवार नियोजन सेवाको अपरिपूर्त मागको उचित लेखाजोखा र व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरुको कमि ।

(ख) स्थानीय सरकारले महिला, बालबालिका तथा अपाङ्गमैत्री संरचना निर्माण गर्ने प्रावधान सहितका कार्यविधि बनाई सोही अनुसारका संरचनाहरू निर्माण नगरेको ।

(ग) गाउँपालिका र मातहतका कार्यालयमा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीहरूका लागि स्तनपान गराउने छुट्टै कक्षको व्यवस्था नगरेको ।

(घ) महिला, गरिब, निमुखा र बञ्चितीकरणमा परेका समुदायका लागि स्वास्थ्य बीमा गर्न सहजीकरण र सहयोग नगरेको ।

(ङ) पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकाहरुका लागि दिवाखाजाको व्यवस्था गरेको भएता पनि निःशुल्क पोशाक वितरण नगरेका कारण कतिपय बालबालिकाहरु विद्यालय बाहिर रहेका ।

(च) उमेर पाको भएका निरक्षर महिलाहरूका लागि अनौपचारिक शिक्षाका कार्यक्रमहरू संचालन नगरिएकोले पूर्ण साक्षर पालिका घोषणा गर्न नसकिएको ।

(छ) स्वरोजगारका लागि स्थानीय महिलाहरूलाई आंशिक रुपमा क्षमता विकास गरेको भएता पनि बैदेशिक रोजगारमा जाने महिलाहरूका लागि तालिम प्रदान नगरेको ।

(ज) विद्यालय भर्ना अभियान संचालन गर्दा पिछडिएका वर्ग र समुदायलाई लक्षित गरी संचालन गर्ने नगरिएको तथा शिक्षक छनौंट समिति समावेशी नभएको । शिक्षक छनौट गर्दा समावेशी हुने आधारहरू फितलो रहेको ।

(झ) मनोसामाजिक स्वास्थ्यलाई दृष्टिगत गरी कुनै पनि कार्यक्रम संचालन नगरेको ।

*परीक्षण कार्यसमूह ४*

| क.सं. | नाम थर | पद | पद/कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | प्रेमबहादुर गुरुङ | संयोजक | वडा अध्यक्ष | |
| २ | नन्दराज घले | सदस्य | वडा अध्यक्ष | |
| ३ | लक्ष्मी रम्तेल | सदस्य | कार्यपालिका सदस्य | |
| ४ | रुक्मान गुरुङ | सदस्य | जिन्सी प्रमुख | |
| ५ | अर्पणा घिमिरे | सदस्य | एमआइएस अपरेटर | |

## *ञ. सुशासन तथा उत्तरदायित्व*

(क) सेवा प्रबाह, बिकास निर्माण र स्थानीय शासनका विषयमा कार्यपालिका तथा सभाबाट कानुन जारी गरेता पनि कार्यान्वयनको पक्ष भने कमजोर रहेको ।

(ख) गाउँपालिकाले विधिको शासन, व्यापक सहभागिता, भ्रष्टाचार बिरुद्ध सून्य सहनशीलता सेवा प्रवाहमा निश्पक्षता र महिला तथा बञ्चितीकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता कुराहरूलाई लागु गर्ने प्रयास गरेता पनि सबै नीति नियम निर्माण नभएको र भएका नीतिहरु कार्यान्वयनको पाटो प्रभावकारी नदेखिएको ।

(ग) बेइजिङ्ग घोषणापत्रका १२ वटा प्रतिवद्धताहरू र बाल अधिकार सम्बन्धि महासन्धिका बारेमा निर्वाचित प्रतिनिधि र कर्मचारीहरू अभिमुख नभएको हुँदा कार्यपालिकाले कार्यान्वयन गर्ने कुन गतिविधिले ती क्षेत्रहरुका सम्बोधन गर्छन् भन्ने कुराको ज्ञात नभएको ।

(घ) सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सुचनाको सार्वजनिकीकरण, नियमित पत्रकार भेटघाट, उजुरी पेटिका आदिका माध्यमबाट पालिकाले लिएका नीति तथा कार्यक्रमहरूका सन्दर्भमा बञ्चितिमा परेका व्यक्ति तथा समुदायबाट आवाज उठ्ने गरेको भएता पनि त्यसको सम्बोधन भने यथोचित रुपमा हुन नसकेको ।

(ङ) जनप्रतिनिधि र कर्मचारीहरुका लागि कार्यसंचालन सम्बन्धमा आचारसंहिता निर्माण गरी कार्यान्वयनमा रहेको भएता पनि लैङ्गिकता, कार्यास्थलमा हुने यौन दुर्व्यवहारमा सम्बन्धमा आचारसंहिता मौन रहेको ।

(छ) स्थानीय सरकारका काम कारबाही तथा सुचनाहरू स्थानीय भाषामा प्रशारण गर्ने नगरेको ।

(ज) गाउँपालिकाले स्थानीय छापामाध्यम र एफएम रेडियोमा लैससास, महिला हिंसा तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धि कुनै पनि सूचना प्रवाह नगरेको ।

(झ) महिला, बालबालिका, सबै जातजातीका विभिन्न वर्ग, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसंख्यक, ज्येष्ठ नागरिकहरुलाई उनीहरुले पाउने सेवा सुविधाका बारेमा गाउँपालिकाबाट पर्याप्त सूचना प्रवाह नभएको ।

(ञ) लक्षित वर्गले सुसूचित भई निर्वाध रुपमा सेवा सुविधा तथा कार्यक्रमहरुबाट लाग लिए नलिएको लेखाजोखा गर्ने नगरिएको ।

(ट) महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनकालागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानवअधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजना कार्यान्वयनका लागि बजेट बिनियोजन नगरिएको ।

*परीक्षण कार्यसमूह ५*

| क.सं. | नाम थर | पद | पद/कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | खेमबहादुर गुरुङ | संयोजक | वडा अध्यक्ष | |
| २ | उषा गुरुङ | सदस्य | कार्यपालिका सदस्य | |
| ३ | लालमाया मिजार | सदस्य | कार्यपालिका सदस्य | |
| ४ | मानबहादुर बुढा | सदस्य | आ. लेखा परीक्षक | |
| ५ | मिलनकुमारी गुरुङ | सदस्य | फिल्ड सहायक | |

## ८. लैससास बजेट परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण औजारमा बजेट परीक्षण सम्बन्धि दुईवटा उपशीर्षकमा व्यवस्था गरेको छ । नीति, कानुन र योजना अन्तर्गत बजेट तर्जुमा तथा कार्यान्वयन र संस्थागत व्यवस्था अन्तर्गत वित्तव्यवस्थापन प्रणालीमा समावेशीता । यी दुईवटा विषयबस्तुले प्राप्त गरेको अङ्कभार देहायबमोजिम रहेको छ ।

| सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| **बजेट तर्जुमा तथा कार्यान्वयन** | ४ | ३ |
| बजेट तथा कार्यक्रम तर्जुमा | १ | ०.५ |
| समावेशी बजेट निर्माण | १ | १ |
| प्राप्त बजेट र कार्यक्रम | १ | ०.५ |
| लक्षित समुहका लागि बजेट | १ | १ |
| **वित्त व्यवस्थापन प्रणालीमा समावेशीता** | ४ | २ |
| ऐनमा उल्लेख गरी छुट्टै कोषको स्थापना | १ | ०.५ |
| लक्षित समुहको आवश्यकता अनुसारका कार्यक्रम | १ | ०.५ |
| लैङ्गिक विकास कोषको बजेट | १ | ०.५ |
| समावेशी सूचनाप्रणालीको बजेट | १ | ०.५ |
| **जम्मा** | **८** | **५** |

## *८.१. परीक्षणपश्चात् सूचकहरूले प्राप्त गरेका अङ्क*

दोर्दी गाउँपालिका, लमजुङको लैससास परीक्षणमा प्राप्त गरेको अंक

| क .स. | क्षेत्रहरू/सहायक क्षेत्रहरू | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| क | **नीति, कानून योजना** | **२०** | **१२** |
| १ | नीति, कानूनमा समावेशीकरण योजना | ८ | ३ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ५.५ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ३ |
| ख | **संस्थागत व्यवस्था** | **२०** | **११** |
| १ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २ |
| २ | कार्यप्रणाली समावेशी | ४ | १.५ |
| ३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ३ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | २ |
| ५ | तथ्यांक संकलन तथा व्यवस्थापन | ४ | २.५ |
| ग | **मानव संसाधन तथा क्षमता विकास** | **२०** | **७** |
| १ | मानव संसाधन तथा क्षमता विकास | ८ | ०.५ |
| २ | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | २ |
| ३ | कानूनी साक्षरता | ४ | १.५ |
| ४ | विपद् व्यवस्थापमा समावेशीता | ४ | ३ |
| घ | **सेवा प्रवाह** | **२०** | **१३** |
| १ | पूर्वाधार विकास | ४ | ४ |
| २ | प्रजनन् स्वास्थ्य | ४ | २.५ |
| ३ | शिक्षा कार्यक्रम | ४ | ३ |
| ४ | खानेपानी तथा सरसफाइ | ४ | २ |
| ५ | स्वारोजगार तथा आर्जन र बजार व्यवस्थापन | ४ | १.५ |
| ङ | **सुशासन र उत्तरदायित्व** | **२०** | **११.५** |
| १ | सुशासन | ४ | २.५ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३ |
| ३ | सूचना तथा संचार | ४ | २ |
| ४ | अनुगमन तथा मूल्यांकन | ४ | २.५ |
| ५ | समवन्वय र सम्बन्ध बिस्तार | ४ | १.५ |
| **कुल जम्मा** | | **१००** | **५४** |

## ८.२. लैङ्गिक परीक्षण नतिजाको माकुरीजालो






## दोर्दी गाउँपालिकाको लैससास परीक्षणबाट प्राप्त २२ वटा उपशीर्षकको कामुरीजालो




## दोर्दी गाउँपालिकाको लैससास परीक्षणबाट प्राप्त २२ वटा उपशीर्षकको बारचार्ट



प्रस्तुत तथ्याङ्कलाई दृष्टिगत गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका हिसाबले सबै क्षेत्रमा सुधारको खाँचो देखिन्छ। नीति, कानुन र योजना, संस्थागत व्यवस्था, सेवा प्रवाह र सुशासन र उत्तरदायित्वका क्षेत्रहरु मध्यम खालका छन् भने मानव संसाधन र क्षमता विकासमा अझै बढी जोड दिनुपर्ने देखिन्छ । सतप्रतिशत प्रगति हासिल गर्न गाउँपालिकाका प्रयासहरूलाई थप सशक्त बनाउनुपर्ने देखिन्छ। लैङ्गिकताका विषयमा तालिमप्राप्त जनशक्तिको अभाव, लैङ्गिकताभन्दा पनि स्थानीय सरकारको प्राथमिकता निर्माणमा पर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताका सम्बन्धमा स्थानीय सरकारका प्रतिनिधि तथा कर्मचारीहरू जानकार नहुनु आदिका कारणले कार्यपालिका तथा गाउँसभाले निर्माण गर्ने निर्णय, योजना तथा बजेट तर्जुमापूर्व लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धि लेखाजोखा गरिएको पाइँदैन ।

## ९. दोर्दी गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा सबल तथा सुधार गर्नुपर्ने पक्षहरू

| क.सं. | सबल पक्षहरू (Strenths) | सुधार गर्नुपर्ने पक्षहरू (Weakness) | अवसरहरू (Opportunities) | चुनौतिहरू (Threats) |
|---|---|---|---|---|
| क. | नीति, कानुन, योजना | | | |
| | • निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूमा नयाँ कुरा सिक्ने र कार्यरुप दिने उत्साह रहेको ।<br>• गाउँपालिकाले लैससास निर्देशिका निर्माण गरेको ।<br>• न्यायिक समितिले आफ्नो क्षेत्राधिकारमा पर्ने विषयमा प्रभावकारी काम गरिरहेको ।<br>• निर्वाचित प्रतिनिधिहरू समानता र न्यायपूर्ण वितरणका लागि उत्साहित रहेको ।<br>• बस्ती तथा टोलस्तरका योजनाहरू छनौट गर्दा लगभग लक्षितवर्गको सहभागिता गर्ने प्रयास गरिएको ।<br>• स्थाीय तहले वार्षिक योजना तथा बजेट निर्माण गर्दा केही हदसम्म महिला तथा बालबालिकालाई लाग पुग्ने खालका कार्यक्रमहरू बनाउने गरेको । | • लैससास निर्देशिका तयार पार्दा व्यापक रुपमा लक्षित वर्गको सहभागिता गराउनु पर्ने ।<br>• लैङ्गिक हिंसा निवारण कोषलाई अझ प्रभावकारी बनाउनुपर्ने ।<br>• समान कामका लागि समान ज्याला सम्बन्धि नीति बनाई अनौपचारिक क्षेत्रमा पनि श्रमको ज्यालामा समानता ल्याउनुपर्ने ।<br>• लक्ष्य निर्धारित आवधिक योजना बनाई वार्षिक योजना तयार गर्दा लैससासलाई मूलप्रवाहीकरण गर्नुपर्ने ।<br>• बस्ती तथा टोलस्तरका योजनाहरू छनौट गर्दा लक्षितवर्गको सहभागिता सुनिश्चित गर्ने प्रयास गरिए पनि पूर्वाधार विकास बाहेक लैङ्गिक सशक्तीकरण, पिछडिएका वर्गको उत्थान हुने योजनातर्फ थप ध्यान पुऱ्याउनुपर्ने । | • स्थानीय तहलाई कानुन बनाई कार्य गर्ने अधिकार रहेको ।<br>• कानुन, निर्देशिका तथा कार्यविधिहरू लैससासमैत्री बनाएमा सहयोगका लागि विभिन्न संस्थाहरू सहयोगका लागि तयार रहेका ।<br>• लैससासका सम्बन्धमा निर्वाचित जनप्रतिनिधिहरूलाई तालिम प्रदान गरिएमा महिला, दलित, पिछडिएका वर्ग, सीमान्तकृत समुदायलाई समेट्न गकिने ।<br>• अन्य समुदायको तुलनामा यस गाउँपालिकामा रहेका समुदायमा तुलनात्मक रुपमा पितृसत्ता कम हावी भएको हुँदा लैङ्गिक समानता र सामाजिक समावेशीकरण गर्न सहज हुने देखिन्छ । | • आवधिक निर्वाचन प्रणालीका कारण अर्को कार्यकालमा तालिमप्राप्त प्रतिनिधि निर्वाचित नहुने ।<br>• स्थानीय सरकारमा कुनै एक राजनीतिक पार्टीको बहुमत नआएमा निर्णयहरू गर्न कठिन हुने । |

| | | | | |
|---|---|---|---|---|
| | • उपभोक्ता समितिहरूको गठन गर्दा लक्षित वर्गको हीतलाई ध्यानमा राखी समानुपातिक उपभोक्ता समितिहरू गठन भएको । | • वार्षिक योजना तथा कार्यक्रममा महिला तथा बालबालिकाका लागि केही हदसम्म प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम तथा बजेट निर्माण गरेता पनि महिला तथा बालबालिकाहरूलाई छुट्टाछुट्टै राखेर उनीहरूका आवश्यकताको पहिचान गरी कार्यक्रम तथा बजेट निर्माण गर्नुपर्ने ।<br>• हालसम्म लैससास परीक्षण नभएका कारण लैसाससाबाट औल्याइएका विषयमा विकास योजना बनाई कार्यान्वयन गर्ने परिपाटी नबसेको भएता पनि आगामी दिनमा वाह्य विज्ञहरूबाट लैससास गराई विकास कार्ययोजना बनाउनुपर्ने । | • संघीय सरकार तथा गण्डकी प्रदेश सरकारका कानुन तथा नीतिहरूमा लैससासलाई विशेष प्राथमिकता दिएको हुँदा गाउँपालिकाका योजनाहरू लैससासमैत्री बनाउन सहज हुने । | |
| ख. | संस्थागत व्यवस्था | | | |
| | • स्थानीय सरकारबाट कर्मचारी छनौट गर्दा यथासम्भव समावेशी हुने गरी छनौट गर्ने परिपाटी रहेको ।<br>• स्थानीय सरकारले महिला, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग, लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत | • लोकसेवा आयोग र प्रदेशबाट सिफारिस भई आउने कर्मचारीमा समावेशितामा आशातित उपलब्धि हासिल नहुने हुँदा स्थानीय तहमा पूर्ति हुने पदपूर्तिबाट समावेशीता हासिल गर्न सकिने ।<br>• कार्यालयमा हुने लैङ्गिक तथा यौनजन्य हिंसा नियन्त्रण गर्न तथा | • स्थानीय स्तरमा करार सेवामा कर्मचारी पदपूर्ति गर्ने अधिकार रहेको । | • कर्मचारी छनौट गर्दा राजनीतिक दवाव हुने सम्भावना । |

| | | | | |
|---|---|---|---|---|
| | समुदायलाई सकारात्मक विभेदको नीति लिएर छनौट गर्ने गरेको ।<br>● महिला र पुरुषबीचमा रहेको असमानता हटाउन स्थानीय सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार पारी कार्यपालिकाबाट स्वीकृत गराएको ।<br>● गाउँपालिकाले आफ्नो क्षेत्रमा महिलाहरूका लागि निश्चित कोष खडा गरी कार्यक्र संचालन गर्ने गरेको । | लैससास कायम गर्नका लागि आचारसंहिता निर्माण गरी सशक्त रुपमा कार्यान्वयन गर्नुपर्ने ।<br>● लैससास रणनीति बनाई निश्चित अवधिसम्ममा सबै क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं लैङ्गिक हिंसा अन्त्य गर्ने लक्ष्य निर्धारण गर्नुपर्ने ।<br>● लैससास डेस्क निर्माण गर्नुपर्ने ।<br>● गाउँपालिकाले खण्डिकृत तथ्याङ्कसहितको पार्श्वचित्र तयार गरी आवधिक तथा वार्षिक योजना तयार गर्नुपर्ने । | | |
| ग. | **मानव संसाधन तथा क्षमता विकास** | | | |
| | ● कर्मचारी तथा निर्वाचित प्रतिनिधिको क्षमता विकासका लागि बजेट व्यवस्गा गर्ने गरेको ।<br>● स्थानीय तहका कर्मचारी एवं पदाधिकारीहरू लैङ्गिकताका सवालमा आशातित जानकार नभएको ।<br>● विपद व्यवस्थापनका लागि गाउँपालिकाले विभिन्न पहलहरू | ● कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरूको क्षमता विकासका लागि कार्ययोजना तथा रोष्टर तयार पारी लैङ्गिक समानताका आधारमा क्षमता विकास गर्नुपर्ने ।<br>● स्थानीय सरकारका पदाधिकारी तथा कर्मचारीहरूलाई लैङ्गिकता, लैङ्गिक सामानता तथा सामाजिक समावशीकरण र लैङ्गिक | ● क्षमता विकास कार्ययोजना भएमा विभिन्न निकाय तथा संस्थाहरू सहकार्य गर्न उत्सुक हुने । | ● आवश्यकता अनुसार क्षमता विकास गर्ने जनशक्तिको स्थानीय तहमा अभाव ।<br>● स्थनीय स्तरमा खेतीपाती, चाडपर्व, विबाह-उत्सब, बैदेशिक रोजगारी आदिका कारण समयमै सबैलाई कानुनी सचेतना, लैङ्गिक हिंसा |

| | | | | |
|---|---|---|---|---|
| | गरेको, क्षतिको विवरण अध्यावधिक गरेको । | हिंसासम्बन्धमा तालिम प्रदान गर्नुपर्ने ।<br>● लैङ्गिकता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, लैङ्गिक हिंसा सम्बन्धि स्थानीय तहमा तालिम प्रदान गर्ने, लैङ्गिक विश्लेषण गरी योजना तथा क्षमता विकासका कार्यक्रम गर्नसक्ने जनशक्तिको विकास गर्नुपर्ने ।<br>● बेइजिङ घोषणापत्र, महिला विरुद्ध हुने सबैखाले विभेदको अन्त्य सम्बन्धि महासन्धि, दीगो विकास लक्ष्य ( विशेषतः लक्ष्य ५), नेपालको संविधान, स्थानीय शासन संचालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, विभिन्न कानुन तथा प्रतिवद्धताहरूका सम्बन्धमा सबै निर्वाचित प्रतिनिधि र कर्मचारीहरूलाई अभिमूखीकरण गर्नुपर्ने ।<br>● लक्ष्य निर्धारण गरी गाउँपालिकालाई सबैखाले हिंसामुक्त तथा कुसंस्कारमुक्त घोषणा गर्नका लागि | | आदिका विषयमा सचेतना र प्रशिक्षण गर्न कठिन । |

| | | | | |
|---|---|---|---|---|
| | | निश्चित अवधिसम्म विविध कार्यक्रमहरू संचालन गर्नुपर्ने ।<br>● महिला अधिकार, हिंसा र त्यसको सुनुवाइ गर्ने निकाय, प्रजनन अधिकार, सामाजिक सुरक्षा, उपलब्ध सेवा  सुविधा आदिका सम्बन्धमा समुदायस्तरमा सचेतना अभियान संचालन गर्नुपर्ने ।<br>● विपद पूर्वतयारीका लागि जोखिम लेखाजोखा (Vulnerability Assessment) गर्नुपर्ने । | | |
| घ. | सेवा प्रवाह | | | |
| | ● गर्भावस्थामा हुने खतराका लक्षण र तिनको व्यवस्थापन, गर्भावस्थामा गरिने परीक्षण, संस्थागत सुत्केरी उत्तरप्रसुति परीक्षणका लागि उत्साहजनक उपलब्धि हासिल गरेको ।<br>● स्वास्थ्य संस्थाहरूमा दक्ष जनशक्तिको व्यवस्था गरेको ।<br>● विद्यालय शिक्षालाई प्रभावकारी बनाउन भर्ना अभियान, घरदैलो भ्रमण र बञ्चितिमा परेका समुदायका बालबालिकालाई | ● निजी तथा सार्वजनिक भौतिक संरचना निर्माण गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिका लागि निर्वाध रुपमा उपयोग गर्न मिल्ने भौतिक संरचना तयार गर्न बनाएका नीति पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने ।<br>● सार्वजनिक संस्थाहरूमा सेवाग्राहीका लागि स्तनपान कक्ष बनाइनुपर्ने ।<br>● गाउँघर तथा खाप क्लिनिकहरू पिछडिएका क्षेत्र र वर्ग, सीमान्तकृत | ● आवश्यकताका आधारमा सेवा प्रवाह गर्न सजिलो । | ● बजेट अभावका कारण आवश्यक परेका बेला सेवा प्रवाह गर्न बाधा । |

| | | | | |
|---|---|---|---|---|
| | विद्यालय भर्ना गराउन सशक्त पहल गरेको ।<br>● सार्वजनिक सेवा केन्द्र तथा विद्यालयहरूमा महिला र पुरुषकालागि छुट्टमछुट्टै शौचालय, पिउने तथा हातधुने पानीको उचित व्यवस्था गर्न सबलरहेको ।<br>● प्रधानमन्त्री रोजगार कार्यक्रम र मेड्पा कार्यक्रमलाई वार्षिक योजनामा राखी रोजगार प्रवर्द्धन र्काक्रम संचालन गरेको ।<br>● ग्रामिण महिला प्राविधिक तथा सामाजिक परिचालकहरू | समुदाय, दलितलाई लक्षित गरी प्रभावकारी रुपमा संचालन गर्नुपर्ने ।<br>● स्वास्थ्य बीमा कार्यक्रम गरिब, महिला, बञ्चितीकरणमा परेका ब्यक्ति आदिलाई लक्षित गरी व्यापक रुपमा सहजीकरण गर्नुपर्ने ।<br>● मनोसामाजिक स्वास्थ्यलाई दृष्टिगत गरी गाउँपालिका कार्यालयमा कम्तिमा एकजना मोविमर्शकर्ता र प्रत्येक वडामा सामुदायिक मनोसामाजिक कार्यकर्ताको व्यवस्था गरी परिचालन गर्नुपर्ने ।<br>● तथ्याङ्क संकलन गरी अनोपचारिक शिक्षाका माध्यमबाट महिला, बिद्यालय जानबाट बञ्चित किशोरी, विपडिएका वर्गलाई साक्षर बनाउन पहल गर्नुपर्ने ।<br>● फोहोर व्यवस्थापन गर्दा मापदण्डअनुसार व्यवस्थापन गर्न थप पहल गर्नुपर्ने ।<br>● महिला, गरिब, पिछडिएका वर्ग, सीमान्तकृत समुदायलाई लक्षित गरी स्वरोजगार कार्यक्रम संचालन गर्नुपर्ने । | | |

| ङ. | सुशासन तथा उत्तरदायित्व | | | |
|---|---|---|---|---|
| | • सुशासन कायम गर्न, नीति निर्माण र योजना तर्जुमामा जनसहभागिताका सम्बन्धमा गाउँपालिका सजग रहेको ।<br>• गाउँपालिका बाल अधिकार सम्बन्धि संयुक्त राष्ट्रघीय महासन्धिले सुझाएका क्षेत्रमा कार्य गरिरहेको ।<br>• बञ्चितिमा परेका समुदायको हकहित र उत्थानका लागि गाउँपालिकाका निर्वाचित प्रतिनिधिहरूले आचारसंहिता निर्माण लागु गरेको ।<br>• गाउँपालिकाबाट हुने गरेका नीतिनिर्माण, विकासनिर्माण र निर्णय प्रकृयाहरू पारदर्शी हुनुपर्दछ भन्ने कुरामा निर्वाचित प्रतिनिधि तथा कर्मचारीहरू सजग रहेको । | • निर्माण गरिएका नीति तथा कानुनहरूको कार्यान्वयन, लक्षित वर्ग (महिला, दलित, जनजाती, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग, बञ्चितिमा परेका समुदायको व्यापक सहभागितामा योजना तुर्जुमा, कार्यान्वयन एवंअनुगमन तथा मुल्याङ्कन गर्नु पक्षमा सुधार गर्नुपर्ने ।<br>• बाल अधिकार सम्बन्धि संयुक्त राष्ट्रघीय महासन्धि कार्यान्वयनका लागि समावेशी कार्ययोजना सहित कार्यगर्नुपर्ने ।<br>• सार्वजनिक सुनुवाई, गुनासा, सामाजिक गरीक्षण, पत्रकार भेटघाट, आन्तरिक स्वमूल्याङ्कन आदिबाट औल्याइएका गुनासा तथा सुधार गर्नुपर्ने क्षेत्रहरूमा कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने ।<br>• गाउँपालिकाले गरेका कार्यक्रम, नीतिनिर्माण तथा निर्णयहरू स्थानीय भाषामा प्रशारण/प्रकाशन गर्दा अपनत्व हुनुका साथै स्थानीय भाषाको प्रवर्द्धन र विकास हुने | • युवापीडिलाई सुशासनका सम्बन्धमा बुझाउन सजिलो । | • विभिन्न राजनीतिक पार्टीसँगको आवद्धताले सबै निर्वाचित प्रतिनिधि एकमत हुन नसक्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | भएकाले स्थानीय सुचना स्थानीय भाषामा प्रशारण गर्नुपर्ने ।<br>● अनुगमन तथा मुल्याङ्कन गर्दा लैससासलाई मध्यनगर गरी महिला, जनजाती, दलित, पिछडिएका वर्ग, बञ्चितिमा परेका समुदाय, अल्पसंख्यकले पर्याप्त लाभ पाए नपाएको अनुगमन गरी सोही अनुसार कार्यान्वयन गर्नुपर्ने । | | |

## १०. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

**दोर्दी गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

नौथर, लमजुङ, गण्डकी प्रदेश, नेपाल

**दोर्दी गाउँपालिकाको लैङ्गिक तथा सामाजिक समावेशी बिकास कार्ययोजना २०७७/०७८ र २०७८/०७९**

| मूल शीर्षक नं. | | अवस्था सुधारका लागि आवश्यक कियाकलाप | कियाकलाप संचालन गर्ने जिम्मेवारी | | | समायावधि | थप दायित्व पर्ने/नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| १ | ० | १.१.१ स्थानीय तहको नीति तथा कानुनहरूमा रहेका विषयवस्तु र शब्दहरू समावेशी बनाउने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७८ चैत्र मसान्तसम्म | | नपर्ने |
| १ | ० | १.१.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तयार परी लागु गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७८ चैत्र मसान्तसम्म | पर्ने | |
| १ | ०.५ | १.१.३ लैङ्गिक तथा सामाजिक विकास रणनीति सहितको पञ्चवर्षीय आवधिक योजना परिमार्जन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | योजना शाखा | आ.व. २०७८/०७९ | पर्ने | |
| १ | ०.५ | १.१.४ विभिन्न जातजातीका परम्परागत पेशाहरुको संरक्षण र सीप विकास गर्न वार्षिक योजनामा समावेश गर्ने । | लैससास कार्यदल | कार्यपालिका | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | आ.व. २०७८/०७९ | | नपर्ने |
| | ० | १.१.६ लैङ्गिक डेस्क स्थापना गर्ने । | लैससास कार्यदल | गाउँसभा | वडा समिति | योजना तर्जुमाको तेस्रो चरण | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ०.५ | १.१.७ औपचारिक तथा अनौपचारिक दुबै क्षेत्रमा समान कामका लागि समान ज्याला निर्धारण गर्न ज्याला दर निर्धारणगर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | | नपर्ने |
| | ०.५ | १.२.४ योजना तर्जुमा भन्दा पहिला टोल तथा बसीतस्तरमै गई महिला, बालबालिका, पिछडिएका समुदाय, यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदायको आवश्यकता पहिचान गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७८ पुस | | नपर्ने |
| | ०.५ | दीगो विकास लक्ष्य ५ का सूचकहरु स्थानीयकरण गरी योजना बनाउने । | लैससास कार्यदल | कार्यपालिका | गाउँपालिका | २०७८ पुस | | नपर्ने |
| | ०.५ | २.१.२ गाउँपालिकाको पदपूर्ति सम्बन्धि नियमावली सबै जातजाती, वर्ग क्षेत्र र लैङ्गिक रुपमा समावेश हुने गरी परिमार्जन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | योजना शाखा | आ.व. २०७८/०७९ | पर्ने | |
| | ० | २.१.३ स्थानीय समुदायका लागि विशेष सेवा प्रदान गर्नका लागि सम्बन्धित समुदायकै व्यक्तिको व्यवस्था गर्ने । | लैससास कार्यदल | कार्यपालिका | योजना शाखा | २०७९ ज्येष्ठ | | नपर्ने |
| | १ | २.१.४ गाउँपालिकाबाट जारी गरिएका कानुन, नीति, नियम तथा निर्देशिकाहरु परिमार्जन गरी सकारात्मक विभेदको नीतिका आधारमा समानता तर्फ उन्मुख गराउने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | पर्ने | |
| | ० | २.२.३ लैङ्गिक समानता कायम गर्न एवं कार्यस्थलमा हुने सबैखाले हिंसा अन्त्यका लागि आचारसंहिता निर्माण गरी लागु गर्ने । लैससास फोकल पर्सन तोक्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | पर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ० | २.२.४ लैससास कार्यान्वयन समिति गठन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | | |
| | ० | २.५.३ खण्डिकृत तथ्याङ्कसहितको पार्श्वचित्र तयार गर्ने । | लैससास कार्यदल | कार्यपालिका | गाउँपालिका | २०७८ फागुन | | नपर्ने |
| | ० | ३.१.१ लैङ्गिक तथा समावेशी विकासका लागि क्षमता विकास कार्ययोजना बनाई बजेट विनियोजन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | पर्ने | |
| | ० | ३.१.२ गाउँ कार्यपालिकाका पदाधिकारी तथा कर्मचारीहरुका लागि तीन दिने लैङ्गिकता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, लैङ्गिक हिंसा र त्यससँग सम्बन्धित कानूनहरु र कानून मस्यौदाका बारेमा तालिम प्रदान गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | पर्ने | |
| | ० | ३.१.५ पालिकाका कम्तिमा एक जना निर्वानित प्रतिनिधि र एकजना कर्मचारीलाई लैङ्गिकता, लैङ्गिक हिंसा, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि प्रशिक्षक प्रशिक्षण तालिममा सहभागी गराउने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७८ चैत्र | | नपर्ने |
| | ० | ३.१.६ मानव संसाधन केन्द्र स्थापना गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | पर्ने | |
| | ० | ३.१.७ महिला तथा बञ्चितिकरणमा परेका समुदायका व्यक्ति, अपाङ्गता भएका व्यक्ति, सहिद वा बेपत्ता परिवारका सहस्यहरूलाई लक्षित गरी सेवा प्रवेश तालिम प्रदान गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | पर्ने | |
| | ० | ३.१.८ बेइजिङ्ग घोषणापत्र, दीगो विकास लक्ष्य, CEDAW लगायत नेपाल सरकारले | लैससास कार्यदल | कार्यपालिका | योजना शाखा | २०७९ बैशाख | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अन्तर्राष्ट्रियस्तरमा प्रतिवद्धता देखाएका विषयहरूमा निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखीकरण गर्ने । | | | | | | |
| | ० | ३.३.१ जनप्रतिनिधि र पालिकामा कार्यरत कर्मचीहरूका लागि नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, मुलुकी संहिता लगायतका लैङ्गिक समानता कायम गर्ने खालका नीति नियम, हिंसालाई दण्डनीय बनाई नियन्त्रण र नियमन गरेका नियम, कानुन तथा निर्देशिका, रणनीति आदिका विषयमा अभिमूखीकरण गर्ने । | लैससास कार्यदल | कार्यपालिका | योजना शाखा | आ.व. २०७८/०७९ | पर्ने | |
| | ० | ३.३.२ कानुनी मस्यौदा तर्जुमा कार्यशाला संचालन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | | नपर्ने |
| | ०.५ | ३.३.४ समुदायका लक्षित महिलाहरुलाई तीन दिने कानुनी शिक्षा तालिम संचालन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | पर्ने | |
